# जडीबुटीको व्यवसायीक खेती विस्तार कार्यविधि निर्देशिका – २०७७

## पृष्ठभूमी

महत्वपूर्ण जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको दीगो संरक्षण र विकास तथा व्यवसायीकरणको लागि प्राकृतिक स्रोतमात्र पर्याप्त नहुने भएकोले कवुलियती वन, सामुदायिक वन, साझेदारी वन तथा अन्य निजी एवं समूहगत रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेतीका लागि प्रोत्साहित गरिने साथै यस्तो कार्यमा गरिवीका रेखामुनी रहेका व्यक्तिहरुलाई विशेष प्राथमिकताका साथ अधिकतम लाभ हुनेगरी जनसहभागिता जुटाइने प्रावधान नेपाल सरकारले राखेको छ । यसै गरी वन नीति, २०७६ मा पनि उच्च मूल्यका, संकटापन्न, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडिवुटीको पहिचान, दिगो संकलन, पुनरोत्पादनको सुनिश्चितता, प्रविधि विकास, व्यवसायीकरण र वजारीकरण गर्न समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ ।

यसै अनुरुप महत्वपूर्ण जडीबुटी स्रोतहरुको दीगो संरक्षण र विकासका लागि परम्परा देखि यसको संकलनवाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्ग तथा जडिवुटीको महत्व बुझी यसको व्यवसायिक खेतितर्फ आकर्षित कृषक, समूह, समिति, सहकारी तथा निजी क्षेत्रलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनका अवसरवाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्याउने योजना रहेको सन्दर्भमा सो कार्यक्रम संचालन प्रकृयालाई सहज व्यवस्थित र प्रभावकारीताको लागि श्री अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७/२०७८ को बजेट कार्यन्वयन सम्वन्धि मार्गदर्शनको बुँदा नं १६ बमोजिम वन तथा वातावरण मन्त्रालयद्वारा यो कार्यविधि निर्देशिका तयार गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम " जडीबुटीको व्यवसायीक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि निर्देशिकामा –

(क) "कार्यक्रम" भन्नाले जडीबुटीको व्यवसायीक खेती विस्तारको लागि स्वीकृत कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "जडिवुटी" भन्नाले औषधीय महत्व भएको वनस्पतिलाई सम्झनु पर्दछ ।

(ग) "पकेट क्षेत्र" भन्नाले असल खेति तथा संकलन विधि सहितको जडिवुटी खेति गर्ने/गराउने कम्तिमा १० हेक्टर क्षेत्रफल भएको (एकीकृत वा खण्डीकृत) क्षेत्र सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले बुँदा ६ (१) बमोजिमको जडीबुटी विस्तार कार्यक्रम कार्यन्वयन समिति सम्झनु पर्दछ ।

(छ) "समूह" भन्नाले स्थानीय तहहरुमा रहेका वा गठन हुने उपभोक्ता समूह वा लाभग्राही समूह वा वन उपभोक्ता समिति वा सहकारी ऐन २०४८ अनुसार गठन भएको सहकारी, कृषक समूह समेतलाई सम्झनु पर्दछ ।

**३ .कार्यक्रमको उद्देश्य :** यो कार्यक्रम देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिनेछ –

(क) महत्वपूर्ण जडीबुटीहरुको व्यवसायिक खेतीलाई प्रोत्साहन गरी प्राकृतिक अवस्थामा रहेका जडीबुटीजन्य स्रोतको दोहनलाई कम गर्ने तथा कृषि विविधिकरणमा टेवा पुर्याउने ।

(ख) जडीबुटीको व्यवसायिक खेती कार्यमा निजी क्षेत्र/सहकारी/संघ/संस्था/समूह लगायत समाजका पिछडिएका, विपन्न र महिलावर्गहरुको सहभागितालाई बढावा दिइ दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगारी र आयआर्जनको अवसरहरु बढाउने ।

## परिच्छेद - २

## <u>कार्य संचालन प्रक्रिया</u>

**४. <u>जडिवुटी खेतीको लागि छनौट गरिएका प्रजातिहरू :</u>** जडिवुटी खेतीको लागि अनुसूची १ अनुसारका प्रजातिहरु छनौट गरिएका छन् ।

**५. <u>कार्य संचालनको लागि प्रस्तावित क्षेत्र :</u>** (१) जडिवुटीको उपलब्धता, सम्भावना र क्षेत्रगत रुपमा आय-आर्जनको प्रमुख स्रोत रहे नरहेको तथ्यमा आधारित रही औषधीय वनस्पतिहरुको खेति सम्भाव्यता पकेट क्षेत्र) मानन ीय मन्त्रीस्तरीय निर्णय, वन तथा वातावरण मन्त्रालय) ले छनौट गरेका क्षेत्रहरूमा यो कार्यक्रम संचालन गरिनेछ ।

**६. <u>कार्यक्रम संचालन गर्ने विधि :</u>** (१) कार्यक्रम संचालनको लागि प्रभावकारी व्यवस्था मिलाउने, घोषीत क्षेत्रहरूमा समुह चयन गर्ने, कार्यक्रम बाँडफाँड गरि समग्र कार्यक्रमको अनुगमन तथा मुल्यांकन गरि/गराई प्रगति समिक्षा गर्नका लागि देहाय बमोजिमको जडीबुटी विस्तार कार्यक्रम कार्यन्वयन समिति रहनेछ –

| | |
|---|---|
| (क) प्रमुख, वनस्पति अनुसन्धान केन्द्र | संयोजक |
| (ख) प्रतिनिधि, जिल्ला समन्वय समिती | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) जडिवुटी सम्बन्धि कार्य हेर्ने कर्मचारी (स्थायी) | सदस्य सचिव |

समितिलाई आवश्यक परेको खण्डमा आमन्त्रित सदस्यको रुपमा विषयविज्ञहरु समितिको बैठकमा राख्न सकिनेछ।

(२) अनुगमन लगायत कार्यक्रमसंग सम्वन्धित सवै किसिमका कार्यक्रमगत र प्रशासनिक खर्च उल्लेखित समितिको सिफारिसमा बाँडफाँड गरि सोहि कार्यक्रममा विनियोजित बजेटबाट बढीमा ५ प्रतिशत व्यहोरिने छ ।

(३) समितिले ५(१) अनुसारको क्षेत्रमा कार्यक्रम संचालनको लागि स्थानीय स्तरको पत्रिका वा एफ.एम, रेडियोमा विज्ञापन गरी प्रस्ताव आव्हान गर्नेछ । प्रस्ताव आव्हान गर्दा छनौट भएका स्थानीय तहहरूलाइ समेत उपयुक्त समुह चयन गरिदिन अनिवार्य रूपमा पत्राचार गर्नुपर्नेछ । समुह/सहकारीले प्रस्ताव पेश गर्दा समुह दर्ता प्रमाणपत्र, स्वीकृत विधान (सहकारीको हकमा मात्र अनिवार्य), स्थायी लेखा नम्बर र स्थानीय तहको सिफारिस पेस गर्नुपर्नेछ ।

(४) कुनै स्थानीय तहबाट एकभन्दा बढी प्रस्तावहरु प्राप्त भएमा उपयुक्तताको आधारमा समितिले अन्तिम निर्णय लिनेछ । समितिमा एकमत हुन नसकेको अवस्थामा संयोजकको निर्णय अन्तिम हुनेछ ।

(५) सिफारिस भएका प्रस्तावकसँग कार्यक्रम संचालनको लागि अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

**७. <u>आर्थिक कार्यविधि</u>** : (१) सम्झौता अनुसार समुहलाई प्राप्त हुने सहयोग समुहका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने गरि समुहको नाममा खोलिएको बैंक खातामा पठाईनेछ । समुहले तपसिलका प्रकृया पुरा गरि रकम माग गर्नुपर्नेछ र कार्यालयले स्वीकृत लागत अनुरुप काम भए/नभएको प्राविधिक जाँचबुझ गराई वास्तविक कार्यको आधारमा भएको खर्च रकम मात्र पठाउनेछ ।

(२) समुहले रकम माग गर्दा यथार्थ खर्च खुल्ने गरि सक्कल विल, भरपाई, भौचर लगायतका सम्पूर्ण कागजपत्र पेस गर्नुपर्नेछ । अन्तिम पटकको रकम माग गर्दा स्थानीय प्रतिनिधि, कार्यालयको प्रतिनिधी र बहुसंख्यक लाभग्राहिको रोहवरमा प्राप्त रकम, कार्यमा भएको खर्च विवरण सार्वजनिक गरी अनुमोदन गराई सार्वजनिक गरेको निर्णय समेत समुहले पठाउनु पर्नेछ ।

(३) बुँदा ७ (१) बमोजिम कार्यालयमा रकम माग भई आएपछि कार्यालयले तोकेको प्राविधिकको सिफारिसको आधार समेतमा यथार्थ कार्यको भुक्तानी हुनेछ ।

(४) पेश्की लगायतका व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ

(५) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना वा मस्यौट गरेमा वा नक्कली विल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा समुहका सम्वन्धित पदाधिकारी वा सदस्यलाई प्रचलित कानुन अनुसार कारवाही गरि सरकारी बाँकी सरह रकम असुल उपर गरिनेछ ।

(६) कार्यक्रम कार्यन्वयनका लागि पहिचान गरिएका क्रियाकलापहरू अनुसुची ३ बमोजीम हुनेछ ।

(७) समुहले प्राप्त गरेको आर्थिक सहयोग अनुसुची ३ बमोजिमका क्रियाकलापहरु बाहेक अन्य खर्च शिर्षकहरु (प्रशासनिक खर्च, भ्रमण खर्च, समुहको छलफल तथा चियापान) मा प्रयोग गर्न पाइने छैन ।

**८. <u>बजेट सम्वन्धि व्यवस्था</u>** : (१) यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## कार्यक्रम अनुगमन तथा मुल्यांकन व्यवस्था

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन** : यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन समय-समयमा वा आवश्यकता अनुसार वनस्पति विभागबाट प्रभावकारी रुपमा गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## विविध

१०. **अन्तिम व्याख्या गर्न सक्ने** : (१) यस कार्यविधि निर्देशिकाको कार्यन्वयनमा केहि वाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा मन्त्रालयले सो को अन्तिम व्याख्या गर्न सक्नेछ ।

११. **कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्ने** : (१) यस कार्यविधि निर्देशिकामा आवश्यकता अनुसार मन्त्रालयले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

# अनुसूची १

## <u>जडिवुटी खेतीको लागि छनौट गरिएका प्रजातिहरू</u>

(बुँदा नं ४ सँग सम्वन्धित)

| प्रदेश | जडीबुटीहरु |
|---|---|
| प्रदेश नं १ | चिराइतो *(Swertia chirayita)* , लौठसल्ला (*Taxus wallichiana*), धसिंगरे (*Gaultheria fragrantissima*), तेजपात (*Cinnamomum tamala*) |
| प्रदेश नं २ | कुरीलो (*Asparagus racemosus*), अमला (*Phyllanthus emblica*), हर्रो (*Terminalia chebula*) , बर्रो (*Terminalia bellerica*), लेमनग्रास (*Cymbopogon citratus*) |
| प्रदेश नं ३ | धसिंगरे (*Gaultheria fragrantissima*), सुनपाती (*Rhododendron anthopogon*), सतुवा (*Paris polyphylla*), लौठसल्ला (*Taxus wallichiana*), चिराइतो (*Swertia chirayita*) |
| गण्डकी प्रदेश | सुगन्धवाल (*Valeriana jatamansii*), पाषाणभेद (*Berginia ciliata*), सतुवा (*Paris polyphylla*) , डालेचुक (*Hippophae salicifolia*) |
| प्रदेश नं ५ | तेजपात (*Cinnamomum tamala*), टिमुर (*Zanthoxylum armatum*), काउलो (*Persea odoratissima*) , सुगन्धकोकिला (*Cinnamomum glaucescens*) |
| कर्णाली प्रदेश | अतिस (*Delphinium himalayaii*) , कुटकी (*Neopicrorhiza scrophularifolia*) , टिमुर (*Zanthoxylum armatum*), काउलो (*Persea odoratissima*), जटामसी (*Nardostachys jatamansii*), डालेचुक (*Hippophae salicifolia*) |
| सुदूर पश्चिम प्रदेश | तेजपात (*Cinnamomum tamala*), कुरीलो (*Asparagus racemosus*), रिठ्ठा (*Sapindus mukorossi*) , सेतकचिनी *(Polygonatum cirrhifolium*), डालेचुक (*Hippophae salicifolia*) |

# अनुसूची २

## सम्झौता पत्रको ढाँचा

### बुँदा नं ६(५) सँग सम्वन्धित

... .... .... .... ... . . . कार्यक्रम संचालन गरि सम्पन्न गर्न र दिर्घकालिन जगेर्ना समेत गर्नको लागि नेपालको प्रचलित ऐन कानुनको परिधिभित्र रही नेपाल सरकार, वनस्पति अनुसन्धान केन्द्र र .... .... .... ... उपभोक्ता समूह/संस्था/कृषक समुह बीच तल उल्लेखित विवरण शर्त हरु सहितको सम्झौता सम्पन्न भयो ।

१.नगरपालिका/गाउँपालिका/वडाको नाम :

२.कार्यक्रमको नाम :

३.कार्यक्रम गर्ने समुहको नाम :

४.कार्यक्रम लागु हुने :

(क) क्षेत्र : गाउँ/क्षेत्र

(ख) वडा :

५. कार्यक्रमबाट लाभान्वित :

(क) क्षेत्र : गाउँ/क्षेत्र

(ख) वडा :

(ग) घर परिवार संख्या :

(घ) दलित/सिमान्तकृत घरपरिवार संख्या:

६. कार्य शुरु गर्ने मिति :

७. कार्य सम्पन्न गर्नुपर्ने मिति :

८. कार्यक्रमको लागि लाग्ने खर्च :

९. सम्झौता पुर्व समुहले निवेदन र कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०. कार्यालयले व्यहोर्ने रकमको हकमा सम्पन्न प्रगतिको अनुपातमा हिसाव गरि २ किस्तामा गरेर बैंक खातामा जम्मा हुने गरि उपलब्ध गराउनु पर्नेछ । पहिलो किस्ताको रकम दुरुपयोग भएको खण्डमा कार्यालय दोस्रो दोस्रो किस्ता भुक्तानी गर्न बाध्य हुनेछैन साथै दुरुपयोग भएको पाएमा पहिलो किस्ताको रकम समेत सरकारी बाँकि सरह असुल उपर गरिनेछ ।

११ स्थानीय साधन जुटाउने, व्यवस्थित ढंगले कार्य गर्ने र आयोजनाको स्याहार सम्भार गर्ने समेत दायित्व समुहको हुनेछ ।

१२. कार्यक्रमको लागि माग भएको वा प्रयोग हुने सामग्री कुनै पनि हालतमा अन्यत्र प्रयोग गर्नु हुँदैन ।

१३. यो सम्झौता आजको मितिबाट लागु हुनेछ । सम्झौता अनुसार समुहले .... .... .... ... गते भित्र सम्पूर्ण कार्यहरु सम्पन्न गरि सार्वजनिक सुनुवाई सहित विल /भरपाई पेश गर्नुपर्नेछ ।

इति संवत.... .... .... ... साल.... .... .... ... महिना.... .... .... ... गते .... .... .... ... रोज शुभम ।

उपभोक्ता तर्फबाट : कार्यालयको तर्फबाट :

अध्यक्ष वा समुहले तोकेको व्यक्तिको नाम: कार्यालय प्रमुख वा अख्तियारी प्राप्त व्यक्तिको नाम:

हस्ताक्षर : हस्ताक्षर :

मिति : मिति :

साक्षी :

## अनुसूची ३

### कार्यक्रम कार्यन्वयनका लागि पहिचान गरिएका क्रीयाकलापहरू

बुँदा नं ७(६) सँग सम्वन्धित

(अ) रुख प्रजातिका जडिवुटीहरुको व्यावसायिक खेति कार्य

प्रति विरूवा रु. १०० (ढुवानी समेत) सहयोग ।

(आ) बुट्यान प्रजातिका जडिबुटीहरुको व्यावसायिक खेति कार्य

प्रति विरूवा रु. ६० (ढुवानी समेत) सहयोग ।

(इ) झार प्रजातिका जडिवुटीहरुको व्यावसायिक खेति कार्य

प्रतिविरूवा रु. १० (ढुवानी समेत) सहयोग ।

माथि उल्लेखित कार्य गर्दा निम्नानुसारको शिर्षकमा मात्र रकम खर्च गर्न पाइनेछ –

| | |
|---|---|
| खाल्डो खन्ने,गोडमेल गर्ने वा अन्य कार्यको लागि | १ लाख |
| सिचाँइ व्यवस्थापन | ५० हजार |
| मलखाद तथा विषादी | ५० हजार |
| विरूवा उत्पादन वा खरिद (ढुवानी सहित) | ८ लाख |